# त्रिभुवन विश्वविद्यालय

# सिमेस्टर प्रणाली सञ्चालन विनियम, २०७४

## (विज्ञान तथा प्रविधि अध्ययन संस्थान, व्यवस्थापन, मानविकी तथा सामाजिक शास्त्र, शिक्षाशास्त्र र कानून संकायका स्नातकोत्तर तथा स्नातक तहका पाठ्यक्रमका लागि)

**पारित मिति** : २०७४/०८/०५
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. १५८१)

**संशोधन**
त्रि.वि. कार्यकारी परिषद्को २०७५/०३/२० को बैठकको निर्णय नं. १९३२
त्रि.वि. कार्यकारी परिषद्को २०७५/०९/१९ को बैठकको निर्णय नं. २२५५
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७७/०८/३० को बैठकको निर्णय नं. ५३२
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७८/०६/१३ को बैठकको निर्णय नं. ११०६
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/१२/२१ को बैठकको निर्णय नं. १९७३

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालयमा स्नात्तकोत्तर तथा स्नातक तहको शिक्षामा सिमेष्टर प्रणाली सञ्चालन गर्ने विनियम, २०७४

**प्रस्तावना :** त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७४।०८।०५ गतेको वैठकबाट त्रिभुवन विश्वविद्यालयका विज्ञान तथा प्रविधि अध्ययन संस्थान एवं व्यवस्थापन, मानविकी तथा सामाजिक शास्त्र, शिक्षा शास्त्र र कानून संकायहरूका स्नातकोत्तर तथा स्नातक तहमा सिमेष्टर प्रणाली प्रारम्भ गर्ने निर्णय भए बमोजिम सिमेष्टर प्रणालीलाई नियमन गर्न त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्ले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम १३३ (२) तथा नियम ३९७ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी यो त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

## (Preliminary)

**१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः**

(१) यस विनियमलाई "त्रिभुवन विश्वविद्यालय सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४" भनिनेछ । यसलाई छोटकरीमा त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन विनियम भनिने छ ।

(२) यो विनियम कार्यकारी परिषद्ले निर्णय गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा,-

(क) "नियमावली" भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० सम्झनु पर्छ ।

(ख) "डीन" भन्नाले विज्ञान तथा प्रविधि अध्ययन संस्थान, व्यवस्थापन, मानविकी र सामाजिक शास्त्र, शिक्षा शास्त्र र कानून संकायहरूका डीन सम्झनु पर्छ ।

(ग) "क्याम्पस" भन्नाले त्रिभुवन विश्वविद्यालयका आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पस सम्झनु पर्छ ।

(घ) "विद्यापरिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १३५ बमोजिम गठित विद्यापरिषद् सम्झनुपर्छ ।

(ङ) "विषय समिति" भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम ३२१ बमोजिम विज्ञान तथा प्रविधि अध्ययन संस्थान, व्यवस्थापन, मानविकी तथा सामाजिक शास्त्र, शिक्षा शास्त्र र कानून संकायहरूमा गठित विषय समिति सम्झनु पर्छ ।

(च) "विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय सिमेस्टर प्रणाली सञ्चालन विनियम, २०७४ सम्झनु पर्छ ।

(छ) "सिमेष्टर" भन्नाले विश्वविद्यालयको प्रति पाठ्यघण्टा बराबर १६ कक्षा घण्टा हुनेछ । शैक्षिक सत्र ६ महिनालाई संझनु पर्छ ।

## परिच्छेद २

## भर्ना प्रक्रिया

## (Admission Procedures)

**३. भर्ना प्रक्रिया र प्रवेश परीक्षा निम्न बमोजिम हुनेछ:**

(क) विद्यार्थी भर्नाका लागि विद्यार्थी संख्यासम्बन्धित अध्ययन संस्थान /संकायको विद्यापरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ। सिमेस्टर प्रणालीमा भर्ना हुन चाहने विद्यार्थीहरूले उनीहरूको सम्पूर्ण व्यक्तिगत विवरण र विगतको शैक्षिक अभिलेख सहित आवेदन फारम पेश गर्नुपर्नेछ।

(ख) डीन कार्यालयले स्नातकोत्तर तथा स्नातक तहमा भर्ना हुन चाहने विद्यार्थीको आधारभूत क्षमता जाँच गर्न प्रवेश परीक्षा लिनेछ। विद्यार्थी भर्ना शैक्षिक क्यालेण्डर तथा प्रवेश परीक्षाको शैक्षिक विशिष्टता (मेरिटलिष्ट) का आधारमा मात्र हुनेछ।

(ग) जम्मा भर्ना गर्नुपर्ने विद्यार्थी मध्ये ८० प्रतिशत खुल्ला प्रतिस्पर्धाका आधारमा र बाँकी २० प्रतिशत समावेशी कोटाका आधारमा भर्ना लिइनेछ। समावेशी आधारमा भर्ना लिइने कोटालाई सतप्रतिशत मानी प्रवेश परीक्षाकोयोग्यताक्रमका आधारमा भर्ना लिइनेछ।समावेशी कोटा देहायबमोजिम तोकिएको छ :

| | |
|---|---|
| - महिला | २०% |
| - जनजाति | १६% |
| - मधेशी | १४% |
| - दलित | ९% |
| - अपाङ्गता | ९% |
| - पिछडिएको दुर्गम क्षेत्र | ७% |
| - मुश्लिम | ७% |
| - थारु | १०% |
| - अन्य | ८% |

(घ) समावेशी विपन्न कोटामा भर्ना हुन चाहने विद्यार्थीहरूमा निम्न बमोजिमको योग्यता अनिवार्यरुपमा भएको हुनु पर्नेछ र सोको प्रमाणहरू पेश गर्नुपर्नेछ :

**१. स्नातक तहतर्फ**

(क) उम्मेदवारले कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई. सामुदायिक विद्यालयमा र कक्षा ११ र १२ सामुदायिक विद्यालय वा नेपाल भित्रका विश्वविद्यालयहरूको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनुपर्नेछ। तर नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी अन्य निजी कलेजमा अध्ययन गरेको भए सोको प्रमाण पेश गर्नुपर्नेछ।

(ख) एस.एल.सी/एस.ई.ई. तथा कक्षा ११ र १२ वा सो सरहको न्यूनतम अंक त्रि.वि. प्राज्ञिक परिषद्ले निर्धारण गरे अनुसारको हुनुपर्नेछ।

(ग) समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुन चाहने विद्यार्थीहरूको हकमा : अपाङ्गले राष्ट्रिय अपांग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, आदिवासी/जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन

कार्यालयबाट, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट, मधेसी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, मुश्लीम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सो को प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।

(घ) प्रवेश परीक्षा अनिवार्य उत्तिर्ण भएको हुनुपर्नेछ ।

(ङ) विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा पठनपाठन हुने कुनै पनि विषयमा आरक्षण सुविधा सम्बन्धित विद्यार्थीले कुनै पनि एक तहमा मात्र उपभोग गर्न पाउने छ ।

(च) आरक्षण प्राप्त गर्ने व्यक्तिले झुठो विवरण पेसगरी भर्ना आरक्षण सुविधा लिएको प्रमाणित भएमा भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

(छ) आरक्षणमा भर्ना हुने विद्यार्थीले नियमित विद्यार्थी भर्ना हुन लाग्ने सरहको शुल्क नियमानुसार तिर्नुपर्नेछ ।

## २. स्नातकोत्तर तहतर्फ

(क) उम्मेदवारले कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई. सामुदायिक विद्यालयमा,कक्षा ११ र १२ सामुदायिक विद्यालयमा र स्नातक तह नेपाल भित्रका विश्वविद्यालयहरूको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनुपर्नेछ । तर नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी अन्य निजी कलेजमा अध्ययन गरेको भए सोको प्रमाण पेश गर्नुपर्नेछ ।

(ख) एस.एल.सी/एस.ई.ई. तथा कक्षा ११ र १२ वा सो सरहको न्यूनतम अंक त्रि.वि प्राज्ञिक परिषद्ले निर्धारण गरे अनुसारको हुनु पर्नेछ ।

(ग) नेपाल सरकारको छात्रवृत्तिमा नेपालमा वा विदेशमा स्नातक तह अध्ययन गरेको भए प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(घ) स्नातक तहको परीक्षाको न्यूनतम अंक त्रि.वि. प्राज्ञिक परिषद्ले निर्धारण गरे अनुसारको हुनुपर्नेछ ।

(ङ) समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुन चाहने विद्यार्थीहरूको हकमा : अपाङ्गले राष्ट्रिय अपांग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, आदिवासी/जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट, मधेसी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, मुश्लीम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सो को प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।

(च) प्रवेश परीक्षा अनिवार्य उत्तिर्ण भएको हुनुपर्नेछ ।

(छ) विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा पठनपाठन हुने कुनै पनि विषयमा आरक्षण सुविधा सम्बन्धित विद्यार्थीले कुनै पनि एक तहमा मात्र उपभोग गर्न पाउने छ ।

(ज) आरक्षण प्राप्त गर्ने व्यक्तिले झुठो विवरण पेसगरी भर्ना आरक्षण सुविधा लिएको प्रमाणित

भएमा भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

(झ) आरक्षणमा भर्ना हुने विद्यार्थीले नियमित विद्यार्थी भर्ना हुन लाग्ने सरहको शुल्क नियमानुसार तिर्नुपर्नेछ ।

(ङ) तोकिएको कोटामा भर्ना हुन नआएका विद्यार्थीहरूको सट्टामा अन्य विद्यार्थीलाई योग्यताक्रमका आधारमा नामावली प्रकाशित गरी भर्ना गरिने छ । **समावेशी कोटा सम्बन्धी त्रि.वि.कार्यकारी परिषद्को मिति २०७४/०५/१९ को निर्णय नं. १४७३ यस विनियमको अनुसूची १ मा संलग्न गरिएको छ ।**

(च) प्रवेश परीक्षाको उत्तीर्णाङ्क सम्बन्धित अध्ययन संस्थान/संकायको विद्यापरिषद्ले तोकेअनुसार हुनेछ ।

(छ) यस प्रणालीअर्न्तगत वर्षमा एक पटक विद्यार्थीको नयाँ भर्ना लिइने छ ।

(ज) प्रवेश परीक्षाको नतिजा प्रकाशन गर्दा तोकिएको कोटामा धेरै विद्यार्थीहरू एउटै प्रतिशतको अंकमा पर्न गएमा अन्य तहको प्रमाणपत्रको आधारमा भर्ना लिइने छ ।

(झ) निर्धारित कोटामा विद्यार्थीले प्रवेश परीक्षामा प्राप्त गरेको योग्यताक्रम अनुसार भर्ना गरिने छ ।

(ञ) एक शैक्षिक वर्षमा एक पटकभन्दा बढी प्रवेश परीक्षा लिइने छैन ।

## परिच्छेद ३

## पाठ्यभार, अध्ययन अवधि तथा शिक्षण विधि

## (Course Work, Study Period and Teaching Methodology)

### ४. पाठ्यभार

(क) स्नात्तकोत्तर तहको जम्मा पाठयभार ५६ देखि ७० पाठ्य घण्टा सम्म सम्बन्धित अध्ययन संस्थान र संकायले तोके बमोजिम हुनेछ र स्नातक तहको पाठ्य भार सम्बन्धित अध्ययन संस्थान र संकायहरूको विद्यापरिषद्ले तोकेबमोजिम हुनेछ। आवश्यक पाठ्यक्रम सम्बन्धित अध्ययनसंस्थान/संकायले तयार गर्नेछ र प्राज्ञिक परिषद्ले स्वीकृत गर्नेछ ।

(ख) एक पाठ्य घण्टा बराबर १६ कक्षा घण्टा हुनेछ ।

(ग) आन्तरिक परीक्षाका लागि निर्धारित समय समेत कक्षा भारमा समावेश हुनेछ ।

(घ) सम्बधित शिक्षकले पाठ्य योजना तयार गरी विद्यार्थीलाई वितरण गर्नुपर्नेछ ।

(ङ) विद्यार्थी कक्षामा नियमित रूपमा उपस्थित हुनु पर्नेछ ।

(च) विद्यार्थीले औसतमा ८० प्रतिशत हाजिरी पुऱ्याउनुपर्नेछ । ८० प्रतिशत हाजिरी नपुगेको विद्यार्थीले आन्तरिक मूल्यांकन अन्तर्गतको हाजिरी वापत्को अंक प्राप्त गर्ने छैन र उक्त सिमेष्टरको अन्तिम परीक्षामा सहभागी हुन योग्य मानिने छैन । तर गम्भीर विरामी परी वा विद्यार्थीको काबु बाहिरको परिस्थिति परी ७० प्रतिशत सम्म हाजिरी हुने विद्यार्थीका हकमा सिमेस्टर परीक्षामा सहभागी हुने मौका दिइनेछ । यस्तो अवस्थामा विद्यार्थीले विरामी परेको हकमा चिकित्सकको आधिकारिक प्रमाणपत्र र अन्य कारणको हकमा सम्बन्धित अधिकारीले प्रमाणित गरेको प्रमाणपत्र पेश

गर्नुपर्नेछ ।

(छ) हाजिरी नपुगी सिमेष्टर अन्त परीक्षा दिन नपाएका विद्यार्थीले अघिल्लो सिमेष्टरमा अध्ययन गर्ने क्रममा उक्त विषयको हाजिरी पूरा गर्न सक्नेछ । तर अन्तिम सिमेष्टरमा हाजिरी नपुगेको रहेछ भने पुनः सोही सिमेष्टरमा उपस्थित भई हाजिरी पुऱ्याउन सक्नेछ ।

**५. अध्ययन अवधि:**

(क) **अध्ययन सम्पन्न हुने अवधि दुई प्रकारका हुनेछन्:** १) सामान्य अवधि र २) अधिकतम अवधि । विभिन्न कार्यक्रमको अध्ययन सम्पन्न हुने सामान्य र अधिकतम अवधि निम्न बमोजिम हुनेछन्:

१) **सामान्य अवधि:** ४ सिमेस्टर पाठ्यक्रमका लागि २४ महिना, ६ सिमेस्टर पाठ्यक्रमका लागि ३६ महिना, ८ सिमेस्टर पाठ्यक्रमका लागि ४८ महिना र १० सिमेस्टर पाठ्यक्रमका लागि ६० महिना ।

२) **अधिकतम अवधि:** चार सिमेस्टर पाठ्यक्रमका लागि ६० महिना, ६ सिमेस्टर पाठ्यक्रमका लागि ७२ महिना, ८ सिमेस्टर पाठ्यक्रमका लागि ८४ महिना र १० सिमेस्टर पाठ्यक्रमका लागि ९६ महिना ।

(ख) अधिकतम अवधिमा तोकिएको आवश्यकता पूरा गर्न असफल हुने विद्यार्थीले पुनः भर्ना गर्नुपर्नेछ ।

**६. अध्यापन विधि:**

(क) कार्यक्रम स्तरिय मापन एकाई (Module) को सामान्य अध्यापन विधि अर्न्तक्रियात्मक, व्याख्यान, सहभागितामूलक, विद्यार्थीको प्रस्तुति,केस स्टडि र परियोजना कार्य हुनेछ ।

(ख) अध्ययन संस्थान/संकायको आवश्यकता अनुसार सम्बन्धित विभाग र क्याम्पसले उपयुक्त अध्ययन अध्यापन विधि निर्धारण गर्न सक्नेछन् ।

**७. शैक्षिक पात्रो (Academic Calender):**

(क) संस्थान र संकायहरूले शैक्षिक कार्यक्रम बमोजिम शैक्षिक पात्रो प्रकाशित गर्नेछन् । यद्यपि सम्भव भएसम्म अध्ययन संस्थान वा संकायहरूको भर्ना, परीक्षा सञ्चालन तथा परीक्षाफल प्रकाशन समयमा एकरुपता हुने गरी शैक्षिक पात्रो तयार गरिनेछ ।

## परिच्छेद ४

## मूल्याङ्कन र परीक्षा

## (Evaluation and Examination)

८. विद्यार्थीहरूको क्षमता मूल्याङ्कन निम्न बमोजिम गरिनेछ :

(क) विद्यार्थीहरूको क्षमतापरीक्षणका लागि निरन्तरमूल्याङ्कनका पद्दत्तिहरू अवलम्वन गरिनेछ । मूल्याङ्कन मूलतः आन्तरिक मूल्याङ्कन र सिमेस्टर अन्तिम परीक्षाद्धारा गरिनेछ ।

(ख) प्रत्येक सैद्धान्तिक पाठ्यक्रमको आन्तरिक मूल्याङ्कनको भार ४० प्रतिशत हुनेछ र सिमेस्टर अन्तिम परीक्षाको भार ६० प्रतिशत हुनेछ । तर प्रयोगात्मक विषयको हकमा उक्त प्रतिशत लागु हुनेछैन र सम्बन्धित अध्ययन संस्थान/संकाय वा सम्बन्धित विभागले तोकेबमोजिम हुनेछ ।

(ग) विद्यार्थीले आन्तरिक परीक्षा र सिमेष्टर अन्तिम परीक्षा छुट्टा छुट्टै रुपमा अनिवार्य रुपमा उत्तिर्ण हुनुपर्नेछ ।

(घ) आन्तरिक मूल्याङ्कन परीक्षा उत्तिर्ण नगरेका विद्यार्थीले सिमेष्टर अन्तिम परीक्षामा सहभागी हुन योग्य मानिने छैनन् ।

(ङ) आन्तरिक मूल्याङ्कनको कूल भारलाई विभिन्न शिर्षकमा विभाजन गर्न सकिनेछ जस्तैः कक्षा कार्य सम्पादन तथा कक्षा हाजिरीमा विभाजन गरिनेछ । कक्षा कार्य सम्पादन अन्तर्गत देहायका कुनै एक कार्य गर्न लगाईने छ :

१) उपसत्र लेखन (Term Paper)

२) कक्षागत प्रस्तुति (Class Presentation)

३) इकाई परीक्षा (Unit Test)

४) प्रतिवेदन लेखन (Report Writing)

५) परियोजना कार्य (Project Work)

६) गृह कार्य (Home Assignment) र

७) विषय समितिको सिफारिशमा विद्या परिषद्द्वारा स्वीकृत अन्य गतिविधिहरू ।

[१](च) विद्यार्थीको आन्तरिक परीक्षामा प्राप्त गरेको अङ्कको प्रतिशत सोही विषयको सेमेष्टरको अन्तिम परीक्षामा प्राप्त गरेको अङ्कभन्दा २० प्रतिशतभन्दा बढी भएमा आन्तरिक परीक्षामा प्राप्त गरेको अङ्क र सेमेष्टरको अन्तिम परीक्षामा प्राप्त गरेको अङ्कको प्रतिशतको फरक २० प्रतिशतसम्म मात्र बढी हुने गरी आन्तरिक परीक्षाको अङ्क कायम गरिनेछ ।

(छ) विद्यार्थीको आन्तरिक परीक्षाको प्राप्तांक अन्तिम परीक्षाको परीक्षा फारम सहित आन्तरिक परीक्षा समाप्त भएको मितिले १० दिनभित्र सम्बन्धित डीनको कार्यालयमा पठाउनु पर्नेछ ।

## ९. सिमेस्टर अन्तिम/सिमेस्टर परीक्षा (Semester-end/Semester Examination):

(क) सिमेष्टर अन्तिम परीक्षा एक वर्षमा २ पटक हुनेछ ।

(ख) सिमेष्टर अन्तिम परीक्षाको ६० प्रतिशत भार हुनेछ । विद्यार्थीले सिमेस्टर अन्तिम परीक्षा उत्तीर्ण गर्न प्रत्येक विषयमा ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ ।

(ग) सिमेस्टर अन्तिम परीक्षा सम्बन्धित डीन कार्यालयले सञ्चालन गर्नेछ ।

(घ) सिमेस्टर अन्तिम परीक्षाको परीक्षाफल परीक्षा समाप्त भएको मितिले ३ महिना भित्र प्रकाशित गरिनेछ । तर अन्तिम सिमेस्टरको परीक्षाफल परीक्षा समाप्त भएको मितिले २ महिना भित्र प्रकाशित गरिनेछ ।

(ङ) सबै उत्तर पुस्तिकाको परीक्षण सम्बन्धित डीन कार्यालयको परीक्षा शाखामा गरिनेछ ।

## १०. मौका/पुनः परीक्षा (Make Up/Retake Exam):

[१] त्रि.वि. कार्यकारी परिषद्को २०७५/०९/१९ को बैठकबाट संशोधन

(क) मौका/पुनः परीक्षा निम्न बमोजिम हुनेछ :

१) चार सिमेस्टरको शैक्षिक कार्यक्रममा पहिलो, दोस्रो र तेस्रो सिमेस्टरमा अनुत्तिर्ण हुने विद्यार्थीले नियमित चक्र परीक्षामा मौका परीक्षा दिन सक्नेछन्। चौथो सिमेस्टरको परीक्षामा २ विषयमा मात्र अनुत्तिर्ण हुने विद्यार्थीका हकमा अन्तिम परीक्षाफल प्रकाशित भएको मितिले एक महिना भित्र मौका परीक्षामा सहभागी हुने अवसर पाउने छन्।

२) छ सिमेस्टरको शैक्षिक कार्यक्रममा पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ सिमेस्टरमा अनुत्तिर्ण हुने विद्यार्थीले नियमित चक्र परीक्षामा मौका परीक्षा दिन सक्नेछन्। छैठौं सिमेस्टरको परीक्षामा २ विषयमा मात्र अनुत्तिर्ण हुने विद्यार्थीका हकमा अन्तिम परीक्षाफल प्रकाशित भएको मितिले एक महिना भित्र मौका परीक्षामा सहभागी हुने अवसर पाउने छन्।

३) आठ सिमेस्टरको शैक्षिक कार्यक्रममा पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैंठौ र सातौं सिमेस्टरमा अनुत्तिर्ण हुने विद्यार्थीले नियमित चक्र परीक्षामा मौका परीक्षा दिन सक्नेछन। आठौ सिमेस्टरको परीक्षामा २ विषयमा मात्र अनुत्तिर्ण हुने विद्यार्थीका हकमा अन्तिम परीक्षाफल प्रकाशित भएको मितिले एक महिना भित्र मौका परीक्षामा सहभागी हुने अवसर पाउने छन्।

४) दश सिमेस्टरको शैक्षिक कार्यक्रममा पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैंठौ, सातौं, आठौं र नवौं सिमेस्टरमा अनुत्तिर्ण हुने विद्यार्थीले नियमित चक्र परीक्षामा मौका परीक्षा दिन सक्नेछन्। दशौं सिमेस्टरको परीक्षामा २ विषयमा मात्र अनुत्तिर्ण हुने विद्यार्थीका हकमा अन्तिम परीक्षाफल प्रकाशित भएको मितिले एक महिना भित्र मौका परीक्षामा सहभागी हुने अवसर पाउने छन्।

५)[२] उपरोक्त व्यवस्था बमोजिम सेमेष्टर प्रणालीमा संचालित स्नातकोत्तर तह तथा स्नातक तहका कार्यक्रमहरूमा अघिल्ला सेमेष्टरहरूको सबै परीक्षामा उत्तिर्ण भई अन्तिम सेमेष्टरमा मात्र बढीमा दुई विषयमा अनुत्तिर्ण विद्यार्थीहरूले मात्र अन्तिम सेमेष्टरको परीक्षाको नतिजा प्रकाशन भएको एक महिना भित्र लिइने मौका परीक्षामा एकपटकका लागि मात्र सहभागी हुन पाउनेछन्।

(ख) प्रथम सिमेस्टर देखि दोस्रो अन्तिम सिमेस्टरका सबै विषयमा अनुत्तिर्ण हुने विद्यार्थी अगाडिका सिमेस्टेरमा भर्ना हुन पाउने छन्।

(ग) नियमित रुपमा पछिल्ला सिमेस्टरमा अध्ययन गर्न असमर्थ विद्यार्थी जुन सिमेस्टरबाट अध्ययन छाडेको हो त्यो सिमेस्टरमा भर्ना भई अध्ययनलाई निरन्तरता दिन सक्नेछन्। यो विनियम लागु हुनु पूर्व त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन निर्देशिका बमोजिम अध्ययनलाई निरन्तरता दिन नपाएका विद्यार्थीहरूलाई पनि बाँकी अध्ययन पुरा गर्न मौका दिइने छ।

(घ) अनियमित विद्यार्थीलाई आंशिक विद्यार्थीको रुपमा लिइने छ।

[२] त्रि.वि. कार्यकारी परिषदको मिति २०७७।८।३० को बैठकबाट थप

## परिच्छेद ५

## स्तरनिर्धारण प्रणाली

## (Grading System)

११. ग्रेडिङ प्रणाली निम्न बमोजिम हुनेछः

(क) संस्थान तथा संकायहरूले सबै विषयहरूको प्राप्ताङ्क ग्रेडिङका लागि Semester Grade Point Average (SGPA) तथा Cumulative Grade Point Average (CGPA) अवलम्वन गर्नेछन् । ग्रेडिङ प्रणाली निम्न बमोजिम हुनेछ :

१) आन्तरिक तथा सिमेस्टर अन्तिम परीक्षामा प्राप्त कूल प्राप्ताङ्कलाई Absolute Grading Scale का आधारमा ग्रेडिङ गरिनेछ ।

२) विद्यार्थीको प्रगति चार अङ्क स्केल ग्रेडिङ शून्य देखि चार ग्रेडमा गरिनेछ । प्रत्येक विद्यार्थीले हरेक विषयमा न्यूनतम Grade Point Average (GPA) २.७ वा ग्रेड बी माइनस (B-) प्राप्त गर्नुपर्नेछ ।

३) पूर्ण ग्रेड स्केल निम्न बमोजिम हुनेछ :

| Grade | CGPA | Percent Equivalent | Performance Remarks |
|---|---|---|---|
| ए | ४.० | ९० र माथि | विशिष्ट (Distinction) |
| ए- | ३ | ८०-८९ | अतिराम्रो (Very good) |
| बी+ | ३.३ | ७०-७९.९ प्रथम श्रेणी | (First Division) |
| बी | ३.० | ६०-६९.९ | द्वितीय श्रेणी (Second Division) |
| बी- | २.७ | ५०-५९.९ | प्रति विषयमा मात्र उत्तीर्ण (Pass in Individual Subject) |
| एफ | ० | ५० भन्दा तल | अनुत्तिर्ण (Fail) |

(ख) विद्यार्थीले सिमेस्टर ग्रेड र शैक्षिक लब्धाङ्कपत्र ग्रेडस् अक्षराङ्क तथा GPA स्कोरमा प्राप्त गर्नेछन् ।

(ग) ग्रेडमा २.७ मात्र प्राप्त गर्ने विद्यार्थी प्रत्येक विषयमा उत्तिर्ण भएको मानिनेछ तर सिमेस्टर परीक्षा उत्तिर्ण गर्न न्यूनतम ग्रेड बी वा Cumulative Grade Point Average (CGPA) ३.० प्राप्त गरेको हुनुपर्नेछ ।

(घ) CGPA३.० भन्दा कम प्राप्त गर्ने विद्यार्थीले दुई विषयमा ग्रेड सुधारका लागि मौका पाउँ भनी सम्बन्धित डीन कार्यालयमा अनुरोध गर्न सक्नेछ । डीन कार्यालयले सिमेस्टर परीक्षामा सहभागी हुने मौक दिनेछ । ग्रेड सुधार गर्न दिइने परीक्षा पाठ्यक्रम चक्र अनुसार हुनेछ ।

(ङ) Semester Grade Point Average(SGPA) निम्न बमोजिम गणना गरिनेछ ।

$$(SGPA) = \frac{\text{सिमेस्टरमा प्राप्त जम्मा ग्रेड प्वाइण्ट्स}}{\text{सिमेस्टरमा रजिष्टर्ड गरिएको क्रेडिटको जम्मा अङ्क}}$$

(च) Cumulative Grade Point Average(CGPA) निम्न बमोजिम गणना गरिनेछ :

$$(CGPA) = \frac{\text{प्राप्त जम्मा ग्रेड प्वाइण्ट्स}}{\text{पूरा क्रेडिटको जम्मा अङ्क}}$$

[३]११.(अ) विनियम ११. मा जे सुकै कुरा लेखिएको भएता पनि स्नातक तहको हकमा हरेक विषयमा न्यूनतम ग्रेड B- आर्थात CGPA २.७ प्राप्त गरी उत्तिर्ण हुने विद्यार्थीलाई पनि सेमेष्टर परीक्षा उत्तिर्ण भएको मानिनेछ र ट्रान्सकृष्ट प्रदान गरिनेछ ।

## परिच्छेद ६

## शोधपत्र

## (Thesis)

### १२.शोधपत्र लेखन (Thesis Writing)

(क) कुनै पनि शैक्षिक कार्यक्रमको पाठ्यक्रमले शोधपत्र लेखन अनिवार्य गरेको छ भने डिग्री प्राप्तिका लागि शोधपत्र लेखन अपरिहार्य हुनेछ । शोधपत्र लेखनका शर्तहरू र समय सिमा सम्बन्धित अध्ययन संस्थान/संकाय/विभागको अनुसन्धान समितिले तोकेबमोजिम हुनेछ ।

(ख) शोधपत्रको जम्मा भार पाठ्यक्रममा निर्धारित भए बमोजिम हुनेछ ।

## परिच्छेद ७

## पाठ्य स्थानान्तरण तथा फिर्ता

## (Credit Transfer)

### १३. संस्थान तथा संकायहरूले निम्न बमोजिम पाठ्य स्थानान्तरण तथा फिर्ता गर्नसक्ने छन् :

(क) यदि कुनै कार्यक्रमले विद्यार्थीहरूलाई अन्य विश्वविद्यालयको उस्तै कार्यक्रममा पाठ्य स्थानान्तरण गर्न सकिने व्यवस्था गरेको रहेछ भने त्रि.वि.ले निर्धारण गरे बमोजिम उनीहरूले प्राप्त गरेको पाठ्य स्थानातरण गर्न दिइनेछ ।

(ख) मान्यता प्राप्त (Accredited) विश्वविद्यालय/क्याम्पस वा त्रि.वि.ले मान्यता दिएको विश्वविद्यालय/क्याम्पसबाट पाठ्य स्थानान्तरण गर्न चाहने विद्यार्थीले सम्बन्धित संकाय वा संस्थानमा त्रि.वि.ले स्थानान्तरण गर्न चाहेको प्रत्येक पाठ्यका लागि निर्धारण गरे बमोजिम शुल्क बुझाई निवेदन दिन सक्नेछन् ।

(ग) सम्बन्धित संस्थान/संकायले पाठ्य स्थानान्तरण स्वीकृत गर्नुभन्दा पहिला पूर्व विश्वविद्यालय/क्याम्पसको पाठ्यक्रम तथा लब्धाङ्कपत्र पुनरावलोकन गर्नेछ ।

(घ) विद्यार्थीले पाठ्य स्थानान्तरणका लागि योग्य हुन सम्बन्धित विश्वविद्यालय/क्याम्पसको हरेक पाठ्यक्रममा ग्रेड बी वा सो भन्दा राम्रो तथा सबै पाठ्यक्रममा ग्रेड बी वा सो भन्दा राम्रो ग्रेड आर्जन गरेको हुनुपर्नेछ ।

---

[३] त्रि.वि. कार्यकारी परिषदको मिति २०७८।६।१३ को बैठकबाट थप

## परिच्छेद ८

## अनुचित कार्य तथा सजाय

## (Unfair Mean and Punishment)

**१४.अनुचित कार्य गर्ने विद्यार्थीलाई सजाय हुनेः**

अनुचित कार्य गर्ने विद्यार्थीलाई सजाय हुने छ। अनुचित कार्य तथा सजाय सम्बन्धमा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को परिच्छेद ५८-७३ सम्मको व्यवस्था लागू हुनेछ।

## परिच्छेद ९

## उपाधि

## (Graduation)

**१५.उपाधिका लागि निम्न प्रक्रिया अवलम्वन गरिनेछः**

(क) अध्ययन संस्थान/संकायहरूका विद्यापरिषद्बाट सिफारिसका आधारमा त्रि.वि. प्राज्ञिक परिषद्ले अनुमोदन गरेको ढाँचामा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयले सबै सिमेस्टरको ट्रान्सक्रिप्ट (Transcript) तयार गर्नेछ।

(ख) विद्यार्थीले सबै सिमेस्टरहरूको ट्रान्सक्रिप्ट (Transcript) त्रि.वि.परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गर्नेछन्।

(ग) विद्यार्थीले निम्न लिखित आवश्यकताहरू पूरा गरेमा त्रि.वि.ले शैक्षिक कार्यक्रमको उपाधि दिनेछ :

१) तोकिए बमोजिम सबै पाठ्य घण्टा सिजिपीए (CGPA) ३.० ग्रेडमा सफलतापूर्वक उत्तिर्ण गर्नेलाई,

२) न्यूनतम ग्रेड बी प्राप्त गर्नेलाई।

## परिच्छेद १०

## प्रवेश परीक्षा, सिमेस्टर अन्तिम परीक्षा, पुनर्योग तथा अन्य शुल्क

## (Entrance Exam, Semester-end exam, Retotaling and other Fees)

**१६. विद्यार्थीबाट निम्न लिखित शीर्षकमा शुल्क लिइनेछ** :

(क) **प्रवेश परीक्षा शुल्कः** त्रि.वि. कार्यकारी परिषद्को मिति २०५३/०३/०१ को निर्णय बमोजिम प्रवेश परीक्षा शुल्क सम्बन्धित संस्थान/संकायको डीन कार्यालयले निर्धारण गर्नेछ। सम्बन्धित संस्थान/संकायको डीन कार्यालयले शुल्क निर्धारणका लागि शुल्क अध्ययन तथा सुझाव समिति गठन गर्नसक्नेछ। **कार्यकारी परिषद्को मिति २०५३।३।१ को निर्णय यस विनियको अनुसूची २ मा संलग्न गरिएको छ।**

(ख) **सिमेस्टर अन्तिम परीक्षा शुल्कः** सम्बन्धित अध्ययन संस्थान/संकायले सिमेस्टर अन्तिम परीक्षाका

लागि त्रि.वि.का नियमित कार्यक्रमका विद्यार्थीबाट प्रति सिमेष्टर प्रति विद्यार्थी [४]रु. १५००।- शुल्क लिनेछ। उक्त शुल्कमध्ये प्रति विद्यार्थी रु.५०।- का दरले त्रि.वि. केन्द्रीय कोषमा पठाइनेछ। त्रि.वि.को नियमित कार्यक्रम बाहेक आन्तरिक श्रोतमा संचालित नियमित कार्यक्रमको हकमा संबन्धित अध्ययन संस्थान/संकायको विद्या परिषद्ले निर्धारण गरे बमोजिम सिमेस्टर अन्तिम परीक्षा शुल्क लिइनेछ।

(ग) **मौका/पुनः परीक्षा शुल्क :** सम्बन्धित अध्ययन संस्थान/संकायले मौका/पुनः परीक्षाका लागि त्रि.वि.का नियमित कार्यक्रमका विद्यार्थीबाट प्रति विद्यार्थी रु. २५००। शुल्क लिइनेछ। त्रि.वि.को नियमित कार्यक्रम वाहेक आन्तरिक श्रोतमा संचालित नियमित कार्यक्रमको हकमा सम्बन्धित अध्ययन संस्थान/संकायको विद्या परिषद्ले निर्धारण गरे बमोजिम मौका/पुनः परीक्षा शुल्क लिइनेछ।

(घ) **पुनर्योग शुल्क :** सम्बन्धित विद्यार्थीले सिमेस्टर अन्तिम परीक्षाको उत्तर पुस्तिकामा प्राप्त प्राप्ताङ्क पुनर्योगका लागि प्रति विषय रु. ५००।-तिर्नुपर्नेछ। पुनर्योग गर्न चाहने विद्यार्थीले परीक्षाफल प्रकाशित भएको मितिले २० दिन भित्र पुनर्योगका लागि आवेदन गरिसक्नु पर्नेछ।

[५](ङ) **उत्तरपुस्तिका हेर्ने शुल्क :** विद्यार्थीले सिमेष्टर अन्तिम परीक्षाको उत्तरपुस्तिका हेर्न चाहेमा प्रति उत्तरपुस्तिका रु. ५,०००।- सम्बन्धित डीन कार्यालयमा शुल्क बुझाउनु पर्नेछ।

(च) **अन्य शुल्क :** प्रश्नपत्र तयारी,परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र संपरीक्षण त्रि.वि.कार्यकारी परिषद्को मिति २०७१/०१/०६ को निर्णय नं. १६००, मिति २०७१/०५/०९ को निर्णय नं. १८२६ तथा मिति २०७२/११/१० को निर्णय नं. ३३४ बमोजिम हुनेछ। **कार्यकारी परिषद्को उल्लेखित निर्णयहरू यस विनियमको क्रमशः अनुसूचि ३, ४ र ५ मा संलग्न गरिएको छ।**

माथि जुन सुकै कुरा लेखिएको भएतापनि सम्बन्धित अध्ययन संस्थान/संकायको आवश्यकता बमोजिम माथि विनियम १६ (च) मा उल्लेखित निर्णय बमोजिम निर्धारित शुल्क नपुग र अव्यवहारिक देखिएमा उक्त शुल्कहरू फरक हुने गरी सम्बन्धित अध्ययन संस्थान/संकायको विद्या परिषद्ले निर्धारण गर्न सक्नेछ। त्यसरी फरक शुल्क निर्धारण गरिएकोमा त्रि.वि.कार्यकारी परिषद्बाट अनुमोदन गराउनु पर्नेछ।

## परिच्छेद ११

## विविध

## (Miscellaneous)

**१७. छात्रवृति** : विद्यार्थीले त्रिभुवन विश्वविद्यालयको नियमानुसार छात्रवृति पाउनेछन्।

**१८. आवश्यक आदेश, निर्देशन जारी गर्न सकिने :**

(क) त्रि.वि. कार्यकारी परिषद्ले आवश्यक देखेमा अध्ययन संस्थान/संकायलाई आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ र ती आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको

---

[४] त्रि.वि. कार्यकारी परिषद्को २०७५/०३/२० को बैठकबाट संशोधन

[५] त्रि.वि. कार्यकारी परिषदको २०७९/१२/२१ को बैठकबाट संशोधन

कर्तव्य हुनेछ ।

(ख) त्रि.वि. सिमेस्टर प्रणाली सञ्चालन निर्देशिका, २०७० खारेज गरिएको छ र उक्त निर्देशिका अन्तर्गत भए गरेका काम र परिणाम यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

**१९. आन्तरिक कार्यविधि तर्जुमा गर्न सकिने :**

अध्ययन संस्थान/संकायले सम्बन्धित अध्ययन संस्थान/संकायको विद्या परिषद्ले स्वीकृत गरेको विषय वस्तुको प्रकृति र परिधि भित्र रही आन्तरिक कार्यविधि तर्जुमा गर्नसक्नेछ । त्यस्तो कार्यविधि जानकारीको लागि अविलम्ब त्रि.वि. केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

****

त्रिभुवन विश्वविद्यालय

# सेमेष्टर प्रणाली सम्बन्धमा कार्यकारी परिषद्को निर्णयहरु

## निर्णय नं. १६०२ (२०७४/०८/१२)

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७०।९।२४ गतेको निर्णय नं. १३५४ अनुसार विश्वविद्यालय क्याम्पस, कीर्तिपुर अन्तर्गत केन्द्रीय विभागहरुमा सञ्चालित त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान र संकाय अन्तर्गतका स्नातकोत्तर तहका सबै शैक्षिक कार्यक्रमहरुलाई शैक्षिक वर्ष २०७०।०७१ देखि सेमेष्टर प्रणालीमा सञ्चालन गर्न स्वीकृति भए बमोजिम सञ्चालित सेमेष्टर प्रणालीका कार्यक्रमहरु प्रभावकारी देखिएकाले विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फ स्नातकोत्तर तहका शैक्षिक कार्यक्रम शैक्षिक वर्ष २०७२।०७३ देखि उपत्यका बाहिर समेत सञ्चालन गरिएको र उपत्यकाभित्र व्यवस्थापन, मानविकी तथा सामाजिकशास्त्र, कानुन र शिक्षाशास्त्र संकायको स्नातकोत्तर तहमा शैक्षिक वर्ष २०७३।०७४ देखि सेमेष्टर प्रणालीको कार्यक्रम सञ्चालन गरिएकोमा उपत्यका र उपत्यका बाहिरका सेमेष्टर प्रणालीको कार्यक्रम सञ्चालन गर्न बाँकी क्याम्पसहरुमा समेत क्रमशः सेमेष्टर प्रणालीको कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने निर्णय भयो ।

## निर्णय नं. १८८६ (२०७५/०१/३१)

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका निकायहरुमा सेमेष्टर प्रणालीमा अध्ययन अध्यापन गर्ने विषयका सम्बन्धित विषयगत शिक्षकहरुलाई कक्षाभार एवं क्रेडिट आवर मिलाउने, आंशिक शिक्षकहरुलाई प्रतिकक्षा अथवा एकमुष्ट प्याकेजमा पारिश्रमिक दिने र त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरुमा शिक्षकले आफ्नो विषयसँग सम्बन्धित मिल्दो विषयको समेत कक्षा अध्यापन गर्ने विषयमा अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४।१२।१४ को बैठकको निर्णय नं. १८१० बमोजिम गठित समितिको प्रतिवेदनका आधारमा उल्लेखित विषयहरुका सम्बन्धमा निम्न बमोजिम गर्ने निर्णय भयो :

१. विभाग तथा क्याम्पसहरुमा स्नातक तह सेमेष्टरको लागि प्रति सेमेष्टर ६ क्रेडिट गरी वार्षिक १२ क्रेडिटसम्म अध्यापन गर्नुपर्ने ।

२. विभाग तथा क्याम्पसहरुमा स्नातकोत्तर सेमेष्टरको लागि प्रति सेमेष्टर ४.५ क्रेडिट गरी वार्षिक ९ क्रेडिटसम्म अध्यापन गर्नुपर्ने ।

३. Doctor of Philosophy (Ph.D.) Course / M.Phil को हकमा प्रति सेमेष्टर ३ क्रेडिट हुने गरी वार्षिक ६ क्रेडिटसम्म अध्यापन गराउनुपर्ने ।

४. Bachelor Level वार्षिक प्रणाली र Master Level Semester प्रणालीमा सञ्चालन भएका क्याम्पसको हकमा Bachelor मा १०० पूर्णाङ्क र Master मा प्रति सेमेष्टर ३ क्रेडिट गरी वार्षिक ६ क्रेडिटसम्म अध्यापन गर्नुपर्ने ।

५. प्रयोगात्मक परीक्षाको हकमा शिक्षक विद्यार्थी संख्याको अनुपात १ : १५ हुन सक्नेछ । जस्तै– १ क्रेडिटको प्रयोगात्मक विषय रहेको र कक्षामा ३० जना विद्यार्थी भएमा २ क्रेडिट बराबरको कार्य भएको मानिनेछ । शिक्षकहरुले सैद्धान्तिक र प्रयोगात्मक कक्षा न्यूनतम ४० : ६० को अनुपातमा लिनुपर्नेछ ।

६. क्याम्पस/विभागले सम्पूर्ण पूर्णकालीन शिक्षकलाई कक्षाभार अनुसारको जिम्मेवारी दिएर बाँकी रहेको कक्षामा मात्र आंशिक शिक्षक नियुक्त गर्न सक्नेछन् । आंशिक शिक्षकको हकमा स्नातक/स्नातकोत्तर (**(२०७५/१०/०२ को नि.नं. २२७१ बाट थप गरिएको**) तहमा अध्यापन गरेबापत प्रति क्रेडिट रु.१५,०००।- को दरले भुक्तानी गर्ने तर यस्तो आंशिक शिक्षकको रुपमा

भुक्तानी लिन कक्षाभार अनुसारको कक्षाहरु अनिवार्य लिएको हुनुपर्नेछ ।

७. एउटै क्याम्पस/विभागभित्रका पूर्णकालीन शिक्षकहरुले आफ्नै विषय मिल्दोजुल्दो विषय (फरक सिफ्टमा समेत) अध्यापन गरेर तोकिएको कक्षाभार एवं क्रेडिट पूरा गर्नुपर्नेछ । तर फरक-फरक सिफ्टमा अध्यापन गरे पनि कुनै एउटा सिफ्टलाई कक्षा लिएको आधार मान्नु पर्नेछ ।

**निर्णय नं. ६१० (२०७७/१०/०२)**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका निकायहरुमा कार्यरत आंशिक शिक्षकहरुको व्यवस्थापनका लागि २०७७ श्रावण ३२ गतेको त्रि.वि.कार्यकारी परिषदको बैठकको निर्णयानुसार *अतिरिक्त कक्षा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७* जारी गरिएको एवं आंशिक शिक्षकहरुको पारिश्रमिक समेत निर्धारण गरिएकोमा आगामी सेमेष्टर /शैक्षिक सत्र देखि लागू हुनेगरी आंशिक शिक्षकहरुको पारिश्रमिक तपशिल बमोजिम निर्धारण गर्ने निर्णय भयो ।

(१) क्रेडिट प्रणाली अनुसार कक्षा लिनका लागि प्रति क्रेडिट रू. १७४००/- को दरले र वार्षिक प्रणाली अनुसार प्रति पिरीयड रू. ५९०/- का दरले १५० घण्टाको हुने पारिश्रमिक कोर्ष पूरा भएपछि एकमुष्ठ वा सम्झौतामा उल्लेख भए बमोजिम किस्ताबन्दीमा भुक्तानी दिनु पर्नेछ । प्रतिकक्षाको समय १ घण्टाको हुनेछ ।

त्रिभुवन विश्वविद्यालय